# ग्लोबल आइएमई बैंक लिमिटेडको
# २० औं वार्षिक साधारण सभाको

## काम कारवाहीको विवरण

## (माईन्यूट)

१. **वैधानिक सभाः**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम बैंकको २० औं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री चन्द्रप्रसाद ढकालज्यूको अध्यक्षतामा निम्न मिति, स्थान र समयमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०८३ साल आश्विन १६ गते शुक्रबार (तद्नुसार २, अक्टोबर २०२६)

स्थान : नेपाल पुलिस क्लब, भृकुटीमण्डप, काठमाडौं ।

समय : बिहान ९.०० बजे ।

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार २० औं वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुलाई सूचना पठाउनुका साथै सोही ब्यहोराको सूचना मिति २०८३/०५/२३ गतेको अन्नपुर्णपोष्ट राष्ट्रिय दैनिक तथा मिति २०८३/०५/२५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो । सो सुचनासंगै कम्पनी ऐन २०६३ को दफा ८४ (४) बमोजिम आर्थिक वर्ष २०८२/८३ को संक्षिप्त वार्षिक आर्थिक विवरण समेत प्रकाशित गरिएको थियो ।

४. **छलफलको विषयहरु :**

**(क) सामान्य प्रस्तावः**

१) संचालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८२/८३ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण पारित गर्ने ।

३) बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लि., ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड र ग्लोबल आइएमई सेक्यूरिटिज लि. समेतको आ.व २०८२/८३ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) पारित गर्ने ।

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८२/८३ को मुनाफाबाट चुक्ता पूँजीको ६ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ सहित) स्वीकृत गर्ने ।

५) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८३/८४ को लेखापरीक्षण कार्यका लागि बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

६) स्वतन्त्र सञ्चालकको नियुक्ति सम्बन्धी जानकारी गराउने ।

**(ख) विशेष प्रस्ताव :**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८३ साल आषाढ समान्तसम्म कायम रहेको सञ्चित मुनाफाबाट बैंकको चुक्ता पूँजीको ४ प्रतिशत बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही हदसम्म जारी तथा चुक्ता पूँजी वृद्धि गरी प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

२) बैंकको प्रबन्धपत्र/नियमावली संशोधनमा नियमनकारी निकायहरुबाट कुनै थपघट वा संशोधन गर्न निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समिति लाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**५. उपस्थिति :**

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित संचालकहरु**

| | |
|---|---|
| १. श्री चन्द्रप्रसाद ढकाल | अध्यक्ष |
| २. श्री राधेश पन्त | सञ्चालक |
| ३. श्री रामबहादुर भण्डारी | सञ्चालक |
| ४. श्री कृष्णप्रसाद शर्मा | सञ्चालक |
| ५. श्री मदनलाल जोशी | सञ्चालक |
| ६. श्री नारायणप्रसाद पौंडेल | सञ्चालक |
| ७. श्रीमती बिन्द्रा हाडा भट्टराई | सञ्चालक |

**५.२ अन्य उपस्थिति :**

१. श्री मिरा बस्नेत-ना.सु. र श्री विरु रावत-ना.सु., कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौ ।

**५.३ बैंकको उच्च तहको पदाधिकारीको उपस्थिति :**

| | |
|---|---|
| १. श्री सुरेन्द्रराज रेग्मी | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री सुमन पोखरेल | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री बिमल डाँगा | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ४. श्री चन्द्रराज शर्मा | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ५. श्री दिपचन्द्र रेग्मी | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ६. श्री भवानी ढकाल | नायव महाप्रवन्धक |
| ७. श्री बुद्धि अकेला | नायव महाप्रवन्धक |
| ८. श्री रन्जन कुमार थापा | नायव महाप्रवन्धक |
| ९. श्री रुपेन्द्र वाग्ले | नायव महाप्रवन्धक |

**५.४ आमन्त्रीत :**

१. श्री इशा श्रेष्ठ, एफ.सि.ए, प्रवन्ध साभेदार, एस्.ए.आर.एसोसिएट्स, चार्टड एकाउन्टेन्ट्स (बाह्य लेखापरीक्षक)

**५.५ शेयरधनीहरुको उपस्थिति :**

१. स्वयं उपस्थित हुने शेयरधनीको संख्या : १,३९३
२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या : ४०६
३. जम्मा उपस्थित संख्या : १,७९९

**६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)**

| शेयर तथा शेयरधनी | जम्मा शेयर संख्या | उपस्थित ( शेयरधनी) | | उपस्थित (शेयर संख्या) | | जम्मा शेयरधनी संख्या ( स्वयम् तथा प्रतिनिधि) | जम्मा शेयर संख्या (स्वयम् तथा प्रतिनिधि मार्फत) |
|---|---|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधि मार्फत | स्वयम | प्रतिनिधि मार्फत | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कुल शेयर संख्या | ३८,११,५८,५२६.१५ | १,३९३ | ४०६ | ६,१३,२६,७३१.६२ | १३,३१,५०,६२७.३ | १७९९ | १९,४४,७७,३५८.९२ |
| संस्थापक शेयरधनी समूह | १९,५३,०१,४०४.४९ | ८८ | ३७२ | ४,५१,९३,०७९. ८९ | १०,९५,१८,९२७.२९ | ४६० | १५,४७,१२,००७.१८ |
| सर्व साधारण शेयरधनी समूह | १८,५८,५७,१२१.६६ | १,३०५ | ३४ | १,६१,३३,६५१.७३ | २,३६,३१,७००.०१ | १३३९ | ३,९७,६५,३५१.७५ |
| कुल प्रतिशत | | | | | | | ५१.०२ |

७. **सभाको वैधानिकता:**

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान रहेकोमा बैंकको २० औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या १७९९ भएको र कुल शेयरको ५१.०२ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा प्रावधान भए बमोजिम यस सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था कम्पनी सचिवले जानकारी गराएपछि बिहान ९.०० बजे अध्यक्ष श्री चन्द्रप्रसाद ढकालज्यूले बैंकको २० औं वार्षिक साधारण सभाको अध्यक्षता गर्नु भयो । उपस्थित सम्पुर्णले राष्ट्रिय गान गाउनुको साथै, अध्यक्षज्यूले विरुवामा पानी हालेर (जल सिंचन गरी) सभाको शुभारम्भ गर्नु भयो ।

अध्यक्षज्यूले विरुवामा जल सेचन गरी सभाको शुभारम्भ गर्दा बैंकका शेयरधनी श्री कृष्ण प्रसाद अधिकारी (काष्यप) ले मंगलधुन सहित स्वास्ति वाचन गर्नु भयो र बैंक पूर्णबाट भरिपुर्ण हुँदै जाओस् भन्ने शुभ आशिर्वचन प्रदान गर्नु भयो ।



Global IME Bank Limited

## ८. वार्षिक साधारण सभाको प्रस्तुति

अध्यक्षज्यूले सभा समक्ष लेखापरीक्षकको प्रतिवेदन सहितको २०८३, आषाढ मसान्त सम्मको रु. ८,२०,८९,७२,७६,८२६/-को पूँजी/दायित्व तथा जायजेथा भएको वासलात र रु. ८,४३,०१,६५,४९०/-को कुल संचालन मुनाफा र आयकर पश्चात खुद मुनाफा रु.६,०३,५७,५६,५८४/- रहेको आ.व. २०८२/८३ को नाफा/नोक्सानको एकीकृत विवरण तथा सो मध्ये साधारण जगेडा कोष बापत रु.१,२०,७१,५१,३१७/-, सटही घटबढ कोष बापत रु. ५८,१५,००३/-, ऋणपत्र फिर्ता कोष बापत रु. ६२,७७,७७,७७८/-, कर्मचारी प्रशिक्षण तथा दक्षता अभिवृद्धि कोष बापत रु.३,५६,०९,२१९/- संस्थागत सामाजिक उत्तरदायित्व कोष बापत रु.२,२५,१५,४३०/- र नियामक कोष बापत रु ८२,५३,४७,२७३/- विनियोजन गरी फेयर भेल्यु कोषबाट संचित मुनाफामा रु.१५,६९,८७०/- फिर्ता गरी बाँकी रहेको संचित मुनाफा, गत वर्षको संचित मुनाफा उपयोग गरी वार्षिक साधारण सभाको स्वीकृति पश्चात वितरण हुने गरी ६.०० प्रतिशत नगद लाभांश बापत रु.२,२८,६९,५१,१५६.९६ र ४.०० प्रतिशत बोनस शेयर बापत रु.१,५२,४६,३४,१०४.६४ को लाभांश वितरण गर्ने तथा अन्तिम नगद तथा बैंक मौज्दात रु. १,०६,८६,१५,१५,७८०/- भएको नगद प्रवाह विवरण सहितको वासलात, नाफा नोक्सान विवरण सहितको प्रतिवेदन छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नु भयो ।

## ९. छलफलको लागि आव्हान र शेयरधनी महानुभावहरु :

९.१ बैंकको आ.व. २०८२/८३ को वार्षिक प्रतिबेदन, २०८३ आषाढ मसान्त सम्मको वासलात, सोही मितिमा समाप्त आ.व.२०८२/८३ को नाफानोक्सान हिसाव तथा नगद प्रवाह बिवरण उपर आ-आफ्नो मन्तब्य प्रकट गर्न, सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको कममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु राख्नु भयो ।

९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

१. श्री जगन्नाथ आचार्य
२. श्री ब्यास कुमार शर्मा
३. श्री सुदिप श्रेष्ठ
४. श्री उत्तमदत्त पाण्डे
५. श्री शत्रुघन श्रेष्ठ
६. श्री इन्द्रप्रसाद लामिछाने
७. श्री चन्द्रनारायण श्रेष्ठ
८. श्री इन्द्रकृष्ण श्रेष्ठ

९. ई. वैजुनाथ रौनियार
१०. श्री कल्याणी मिश्र, त्रिपाठी (संस्थापक शेयरधनी)
११. श्री भक्ति प्रसाद उप्रेती
१२. श्री ब्रम्हदेव शाक्य
१३. श्री युगल बसेल
१४. श्री रोजकुमार श्रेष्ठ
१५. श्री धुवराज न्यौपाने
१६. श्री विरोचन श्रेष्ठ
१७. श्री उत्सव श्रेष्ठ
१८. श्री टंक प्रसाद ढकाल (संस्थापक शेयरधनी)
१९. श्री निरुपमा गुप्ता
२०. श्री संजय अधिकारी (संस्थापक शेयरधनी)
२१. श्री जीवन लाल ब्रजाचार्य

**लिखित सुझाव दिनुहुने शेयरधनीहरु :**

२२. श्री लक्ष्मणबहादुर श्रेष्ठ
२३. श्री भेषराज भण्डारी
२४. डा. श्री रामप्रसाद पण्डित
२५. श्री नरेशकुमार शाह
२६. श्री नरसिंहलाल चंखू
२७. श्री दिवाकर खड्का
२८. श्री सुरेन्द्र चिमौरिया
२९. श्री डमरुबल्लभ घिमिरे
३०. श्री लभराज जोशी

१०. **छलफलमा सहभागी शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नु भएका सझना :**

शेयरधनीहरुले आ-आफ्नो मन्तव्य राख्ने क्रममा बैंकको २० औं वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नु भयो । बैंकका अध्यक्ष, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत

लगायत उच्च व्यवस्थापनमा समेत योग्य र अनुभवी व्यक्तित्वहरु रहनु भएको भन्दै बैंकको व्यवसायिक भविष्य उज्वल रहेको धारणा ब्यक्त गर्नुभयो । सञ्चालक समितिबाट प्रस्तुत बैंकको २० औं वार्षिक प्रतिबेदन माथि टिप्पणी गर्दै बैंकबाट भए गरिएका कार्यहरुको मूल्याङ्कन गरी राम्रा कामहरुको प्रशम्सा गर्दै कमी कमजोरीहरु सुधारको लागि सुझाव दिनुभयो । वित्तीय क्षेत्रको समस्या एवं सम्भावित जोखिम पहिचान गरी सोको न्यूनीकरण गर्दै बैंकको प्रतिस्पर्धी क्षमतालाई अभिबृद्धि गर्ने र व्यवसायको नयाँ नयाँ क्षेत्र पहिचान गरी बैंकिङ्ग व्यवसायलाई अझ फराकिलो पार्दै लैजानु पर्ने धारणा राख्नु भयो ।

११. **छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण :**

छलफलको क्रममा शेयरधनी बक्ताहरुले बुँदागत रुपमा देहाय बमोजिम धन्यबाद तथा सराहना,सुझाव एवं मन्तब्य ब्यक्त गर्नु भएको थियो ।

१. **श्री जगन्नाथ आचार्य**

आज मिति २०८३ साल आश्विन १६ गते शुक्रबार बिहान ९.०० बजेको शुभ-साईतमा मुलुकको सबैभन्दा ठुलो बैंकको शेयरधनीको हैसियतबाट २०औं वार्षिक साधारण सभामा उभिन पाउँदा गौरवबोध भएको बताउनु भयो ।

अध्यक्षज्यूको नेतृत्वमा बैंकले निरन्तर प्रगति गरिरहेको र मुलुकको आर्थिक गतिबिधिमा अपेक्षाकृत सुधार हुन नसकेको वर्तमान स्थितिमा बैंकले प्राप्त गरेको मुनाफा राम्रो रहेको भन्दै त्यसका लागि संचालक समिति, ब्यवस्थापन लगायत सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत बैंकले गरेका कामहरु सह्रानीय रहेको भन्दै २०८३ भदौं १० गतेको रसुवा बाढी प्रवाहित नागरिकहरुको उद्धार राहत र पुनर्स्थापनाको लागि बैंकले प्रधानमन्त्री राहतकोषमा मन फुकाएर सहयोग गरेकोमा मुक्त कण्ठले प्रशंसा गर्नुभयो ।

**शार्क टंयाङ्क नेपाल**को दोस्रो भाग हिमालय टेलिभिजनबाट पुनः प्रशारण हुन गइरहेकोले सोको प्रायोजनको निरन्तरता दिन अनुरोध गर्दै यस किसिमको लोकप्रिय कार्यक्रममा बैंकको नामले मात्र पनि व्यवसायिक पहिचानमा सकारात्मक प्रभाव पर्न जाने बताउनु भयो ।

अन्त्यमा २०औं वार्षिक साधारण सभाको सफलता र बैंकको व्यवसायिक भविष्यको उत्तरोत्तर प्रगतिको कामना साथै २०८३ सालको बडा दशैको शुभकामना । जय ग्लोबल आइएमई बैक । धन्यवाद ।

२. **श्री ब्यास कुमार शर्मा**

२०औं वार्षिक साधारण सभाको सफलताको शुभकामना । सभामा बोल्न दिनुभएकोमा धन्यवाद । १० प्रतिशत लाभांश स्वागतयोग्य भएकोले सिंगो बैंक परिवारलाई धन्यवाद ।

सफल उद्योगी व्यवसायी श्री चन्द्रप्रसाद ढकालज्यूको नेतृत्वमा बैंकमा व्यवसायिकरुपले योग्य र दक्ष ब्यक्तिहरुको समूह रहेको बताउनु भयो ।

अध्यक्षज्यूको मन्तव्य आफैंमा पर्याप्त छ । आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन उत्कृष्ठ र वित्तीय तथ्याङ्कहरु रेखा चित्रमा राखिएकोले बुझ्न सरल र सहज रहेको बताउनु भयो ।

बैंकको चुक्ता पूँजी, निक्षेप संकलन, कर्जा लगानी तथा अन्य लगानीमा समेत उल्लेख्य वृद्धि भएको छ, सोको लागि सिंगो बैक परिवार धन्यवादको पात्र हुनुहुन्छ ।

मर्जर तथा प्राप्तिलाई उचित ढंगबाट व्यवस्थापन गर्न नसकेका कारण कतिपय ठुला भनिएका बैंकहरु नै लड्खडराई रहेको अबस्था रहेको भन्दै यतिठुलो संख्याको मर्जर तथा प्राप्ति गरेर सोको सहज व्यवस्थापन गर्न सफल हुनु आफैमा उत्कृष्ठ व्यवस्थापनको उदाहरण भएको बताउनु भयो ।

बैंक इन्द्रको ऐरावत हात्ती जस्तो बलियो भएको अब: कामधेनु गाईमा रुपान्तरण गर्न जरुरी रहेको भन्दै मर्जर तथा प्राप्तिबाट सिर्जित दायित्व क्रमश घट्दै गएकोले आगामी दिन अझै राम्रो हुँदै जाने विचार ब्यक्त गर्नु भयो ।

सम्पत्तिको गुणस्तर (Assets Quality) मा ध्यान दिन र NPA सुधारमा लाग्न अनुरोध गर्दै परम्परागत बैंकिङ्ग बाट माथि उठेर नयाँ नयाँ क्षेत्रहरु खोजी गर्न सुझाव दिनु भयो ।

## ३. श्री सुदिप श्रेष्ठ

सभामा बोल्ने अवसर दिनु भएकोमा धन्यवाद । सबैको लागि बैक भन्ने नारा लिएर स्थापना भएको यस बैक निरन्तर प्रगतिपथमा रहेको छ ।

१० प्रतिशत लाभांशमध्ये बोनस शेयर र नगद दुवै सन्तुलित रहेको धारणा राख्नु भयो ।

संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत बैंकले गरेका कामहरु सह्रानीय रहेको तर खर्च लक्षित वर्ग वा समुदायसम्म पुगे नपुगेको अनुगमन हुनुपर्ने सुझाव दिनु भयो ।

शेयरधनीहरुको लगानीको प्रतिफलको रुपमा प्रस्ताव गरिएको नगद लाभाँश, बोनस शेयर लगायत साधारण सभामा छलफलका लागि राखिएको सम्पुर्ण प्रस्तावहरुका आफ्नो पुर्ण समर्थन रहेको भन्दैं दशैं अगाडी नै साधारण सभा गर्न सफल भएकोमा खुशी व्यक्त गर्नुभयो र सभाको भव्य र सभ्य सफलताको शुभकामना दिनु भयो ।

## ४. श्री उत्तमदत्त पाण्डे

शेयरधनीको मुख्य चासो नै प्रतिफलमा हुने धारणा राख्नु हुँदै प्रस्तावित दोहोरो अंकको लाभांश सन्तोषजनक रहेको र नगद लाभांश तथा बोनस शेयर समेत सन्तुलित रहेको धारणा राख्नु भयो ।

**"क"** वर्गका कतिपय वाणिज्य बैंकहरुले लगातार ५/६ वर्षदेखि शेयरधनीहरुको हात खाली गराई रहेको स्थितिमा यस बैकले प्रत्येक वर्ष शेयरधनीहरुलाई थेरथोर लाभांश दिएर खुशी बनाएको बताउनु भयो ।

गैंर बैकिङ सम्पत्तिको विवरणमा ऋणी सहितको नाम उल्लेख गर्न सुझाव दिनुभयो र सम्पत्ति व्यवस्थापन कम्पनी (Assets Management Company) ले अझैसम्म मुर्तरुप नपाएकोले अध्यक्षज्यूले नै नीतिगत पहल गर्न सुझाव दिनु भयो ।

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले गरेका कामहरु सह्रानीय रहेको बताउनु भयो । यस अन्तर्गतका कामहरु मुलुकको गरिवी निवारणमा केन्द्रित हुनुपर्ने सुझाव दिनु भयो ।

बैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना । धन्यवाद । जय ग्लोबल आइएमई बैक ।

## ५. श्री शत्रुघन श्रेष्ठ

२० वार्षिक साधारण सभा समयमा नै गर्न सफल भएकोमा संचालक समिति र बैंक व्यवस्थापनलाई धन्यवाद । १० प्रतिशतको प्रतिफल स्वातयोग्य र विगत वर्षहरुको शेयरधनीहरुको लाभांश विवरण प्रशम्सायोग्य रहेको धारणा व्यक्त गर्नुभयो ।

बोनस शेयर दिँदा मूल्यको समायोजनले शेयरको मूल्य घट्ने गरेको भन्दै बैंकको पूँजी पर्याप्त रहेको अवस्थामा नगद लाभांश लाई नै पहिलो प्राथमिकतामा राख्नु पर्ने विचार व्यक्त गर्नु भयो ।

आ-आफ्नो क्षेत्रका योग्य सारथीहरु रहेको सञ्चालक समिति तथा ३५ वर्षभन्दा बढि अनुभवी प्रमुख कार्यकारी अधिकृतको नेतृत्वमा बैंक सही दिशामा अगाडी बढेकोले बैंकको भविष्य राम्रो रहेको धारणा राख्नु भयो ।

Bank for All भन्ने नारा व्यवहारमा नै प्रमाणित हुँदै गइरहेकोमा खुशी व्यक्त गर्नुभयो । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत रसुवा बढी पिडितहरुलाई बैंकले छाति चौडा पारेर सहयोग गरेको धारणा राख्नु भयो । १५ वर्ष भन्दा बढी लगातार बैंकको सेवा गरेका कर्मचारीहरुको सम्मान प्रशंसनीय रहेको बताउनु भयो ।

साधारण सभाको पूर्ण सफलताको शुभकामना । विजयादशमी २०८३ को शुभकामना । दूर्गा भवानीले सबैको कल्याण गरुन् । जय ग्लोबल आइएई बैक । धन्यवाद ।

## ६. श्री इन्द्रप्रसाद लामिछाने

चालु वर्षको पहिलो त्रैमासभित्रै २०औं वार्षिक साधारण सभा गर्न सफल भएकोमा अध्यक्षज्यू, संचालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृत, कर्मचारी, लेखापरीक्षक लगायत सम्बद्ध सबैलाई धन्यवाद ।

गतवर्षको वार्षिक साधारण सभामा शेयरधनीले दिएको सुझावहरु कार्यान्वयन भएकोमा खुशी व्यक्त गर्नु भयो । शेयरधनीहरुको लगानीमा प्रतिफल अघिल्लो वर्षभन्दा बढेको र प्रस्तावित लाभांश समेत सन्तुलित रहेको धारणा राख्नु भयो ।

बैंकको नेटवर्थ अझै बढाउनु र शेयरधनीहरुको लाभांश दोहोरो अंक घट्न नदिनु दोहोरो चुनौती रहेको भन्दै राज्यले अबलम्बन गरेको कानून, नियामक निर्देशन, संस्थागत सुशासनमा कुनै सम्झौता हुननहुने भएकोले शेयरधनीहरुको लाभांश संधैभरि एकैनास नहुने धारणा राख्नु भयो ।

बैंकको व्यवसायिक प्रगति दिन दुगुना रात चौगुना हुँदै जाओस् उत्तरोत्तर प्रगतिको शुभकामना । धन्यवाद ।

७. **श्री चन्द्र नारायण श्रेष्ठ**

बैंकको २०औ वार्षिक साधारण सभा शेयरधनीहरुको सभा हो तर यसमा सम्पुर्ण सरोकारवाला सहित नागरिक समाजले समेत चासो राख्ने गरेको भन्दै सभाको मर्यादा राख्ने जिम्मेवारी शेयरधनीहरुको नै हुने धारणा राख्नु भयो ।

राम्रो कामको प्रतिफल राम्रो नै हुने भन्दै उहाँले आजको स्थितिमा शेयरधनीहरुलाई प्रस्तावित १० प्रतिशत लाभांश उत्साहप्रद रहेको बताउनु भयो ।

अघिल्ला वर्षहरुको शेयरधनीहरुको नगद लाभांश मध्ये उल्लेख्य रकम अझैपनि शेयरधनीहरुले किन नबुझेको भन्ने जिज्ञासा राख्नुभयो ।

निष्कृय कर्जा व्यवस्थापनमा ध्यान दिन सुझाव दिनुभयो । बैंकको व्यवसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना । जय ग्लोबल आइएमई बैंक । धन्यवाद ।

८. **श्री इन्द्रकृष्ण श्रेष्ठ**

१०.०० प्रतिशत लाभांश सन्तोषजनक रहेको तर उत्साहप्रद नभएको धारणा राख्नु भयो । साना शेयरधनीहरुको लागि नगद लाभांशको सट्टा बोनस शेयर बढी प्रभावकारी हुने बिचार व्यक्त गर्नु भयो । बैंकको व्यवसायिक वित्तीय अबस्था राम्रो छ तर अझ राम्रोको लागि थप मेहनत गर्नु पर्ने देखिन्छ ।

गत वर्षको सुझाव बमोजिम शेयरधनीहरुलाई खानाको व्यवस्था गरेकोमा धन्यवाद । संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत रसुवा बाढीपिडितहरुलाई गरिएको संस्थागत सहयोग प्रसंशायोग्य रहेको छ ।

अन्त्यमा बैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना सहित आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

९. **ई. बैजुनाथ रौनियार**

**"सबैको लागि बैक"** भन्ने नारा छोटो मिठो र लोकप्रिय रहेको भन्दै यसले बैंकको पहिचान स्थापित गर्न मद्दत पुगेको धारणा राख्नु भयो ।

सञ्चालक समितिको प्रतिवेदन बैंकको ऐना हो, बैक प्रगतिउन्मुख देखिन्छ । आजको परिस्थितिमा १० प्रतिशत लाभांश उत्साहप्रद छ ।

संचालन खर्च र निष्कृय कर्जाको अंश कम गर्दै लैजानु पर्छ । उच्च व्यवस्थापनमा महिला नदेखेको भन्दै सम्बन्धित सबैको ध्यानाकर्षण गराउनु भयो ।

मुलुकको आर्थिक राजधानीको परिचय बनाएको वीरगंजमा बैंकको शाखा थप गर्न सुझाव दिनु भयो ।

२०औं वार्षिक साधारण सभाको लागि प्रस्तुत सम्पुर्ण एजेण्डाहरुमा आफ्नो सहयोग र समर्थन रहेको भनाई सहित बैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगति एवम् २०८३ सालको बडा दशै, तिहार, छठ, नेपाल संबत लगायतका चाडपर्वहरुको शुभकामना सहित आफ्नो भनाई अन्त्य गर्नुभयो ।

१०. **श्री कल्याणी मिश्र त्रिपाठी**

बैंक सञ्चालक समिति तथा यस २०औं वार्षिक साधारण सभाका अध्यक्षज्यू, संचालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृत, उच्च व्यवस्थापन, शेयरधनी लगायत उपस्थित सम्पूर्णलाई नमस्कार । सभाको भव्य र सभ्य सफलताको शुभकामना ।

बैंकको संस्थागत उपलब्धि अत्यन्तै राम्रो रहेको धारणा व्यक्त गर्नुभयो । साविकको त्रिवेणी बिकास बैंकको संस्थापक शेयरधनी हुंदै आजको ग्लोबल आइएमई बैंकको संस्थापक शेयरधनी हुन आईपुगेको स्मरण गर्नु भयो ।

आजको ग्लोबल आइएमई बैक लि. निर्माणमा अध्यक्षज्यूको योगदान नि:सन्देह रुपमा महत्वपुर्ण रहेको र उहाँको सुझबुझपूर्ण नेतृत्वले नै यो उचाई हासिल गर्न सफल भएको धारणा राख्नु भयो ।

आर्थिक दृष्टिकोणले हेर्दा संस्थापक शेयरमा गरिएको लगानी अन्यन्त्रको तुलनामा लाभदायी नभएको तर लगातार प्राप्त भै रहेको धेरथोर प्रतिफलको साथै मुलुकको आर्थिक उन्नयन एवम् रोजगारी सिर्जनामा थोरै भएपनि आफुलेपनि योगदान गर्न सकेकोमा गर्व लाग्ने गरेको बताउनु भयो ।

मर्जर तथा प्राप्ति पुर्वको विभिन्न बैंक तथा वित्तीय संस्थाका संस्थापक शेयरधनीहरुको पहिचान र योगदान हराउँदै गएको दुखेसो व्यक्त गर्दै कम्तिमा पनि संस्थापक शेयरधनीहरुको नेटवर्कको लागि बैकभित्र विशेष व्यवस्था गर्न र निजहरुको विवरण बैंकको वेवसाइटमा राख्ने व्यवस्था गर्न अनुरोध गर्नु भयो ।

सेवाग्राहीमा विश्वास, शेयरधनीलाई लाभांश, कर्मचारीलाई सुविधा भएमात्र बैकको दीर्घकालिन उन्नति सम्भव हुने भन्दै बैंकका कर्मचारी दायित्व नभएर सम्पत्ति भएको धारणा व्यक्त गर्नुभयो । उहाँ आफु Agriculturalist भएको हुँदा Banking संग Agriculture जोड्न सके व्यवसाय वृद्धिको पर्याप्त आधार निर्माण हुन सक्ने धारणा राख्नुभयो ।

Digital transformation मा पर्याप्त ध्यान दिन, संस्थागत सुशासन कायम गर्न, कर्जाको गुणस्तर कायम गर्न र नवप्रवर्द्धनात्मक कामलाई प्राथमिकतामा राख्न सुझाव दिनुभयो । धन्यवाद । प्रगतिको शुभकामना ।

११. **श्री भंक्ति प्रसाद उप्रेती**

शेयरधनीहरुले वार्षिक प्रतिवेदन भन्दा बाहिर गई धारणा राख्न नमिल्ने धारणा राख्नुभयो ।

बैंकले निरन्तर प्रगति गरिरहेको, व्यवसायिक आकार बढाइरहेको र क्रमशः बलियो समेत हुँदै गएकोमा शेयरधनीको हैसियतले प्रसन्नता प्रकट गर्नु भयो ।

संचालक समिति उत्कृष्ठ छ, अध्यक्षज्यू, सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापनको सामुहिक नेतृत्व र कर्मचारीहरुको लगनशिलता विना बैंकको यो तहको प्रगति असम्भव रहेको भन्दै त्यसको लागि सम्पूर्णलाई धन्यवाद दिनु भयो ।

कर्जाको माग नबढेको असहज परिस्थितिको बावजुद शेयरधनीलाई प्रस्तावित १० प्रतिशत लाभांश स्वागतयोग्य रहेको धारणा राख्नु भयो । उहाँले बैंकको गैरब्याज आम्दानीको ५ वटै शीर्षकहरु लोभलाग्दो रहेको बताउनु भयो ।

राष्ट्रको ठूलो र उत्कृष्ट बैंक हुनुको नाताले सिँगो बैकिङ्ग क्षेत्रको समस्या एवं चुनौती समाधानमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने जिम्मेवारी पनि यसै बैकको रहेको बताउनु भयो ।

बिश्वका ठूला राष्ट्रका ठूला भनिएका बैंकहरु समेत NPA का कारण थला परेको उदाहरण रहेको भन्दै NPA व्यवस्थापनमा लाग्न सुझाव सहित आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

१२. **श्री ब्रम्हदेव शाक्य**

अध्यक्षज्यू सहित सम्पूर्णमा जो जो लोप्पा, तारेमाम, नमस्कार ।

साधारण सभामा छलफलको लागि प्रस्तावित सामान्य र विशेष गरी सम्पुर्ण प्रस्तावहरुमा आफ्नो समर्थन रहेको भन्दै नेपालकै ठुलो र अन्तर्राष्ट्रिय रुपमा ख्यातिप्राप्त बैंकको शेयरधनीको हैसियतले २०औं वार्षिक साधारण सभामा भाग लिन पाउँदा खुशी भएको बताउनु भयो ।

विभिन्न कारण कर्जाको माग बढ्न नसकेको अवस्थामा बैंकले शेयरधनीहरुलाई १० प्रतिशत लाभांश दिएकोमा सम्बद्ध सबैलाई धन्यवाद सहित र शेयरधनीहरुको माग बमोजिम नै दोहोरो अंकको प्रतिफल प्राप्त भएकोमा प्रसन्नता व्यक्त गर्नु भयो ।

आ.वं २०८२/८३ को संचालक समितिको प्रतिवेदन उत्कृष्ट रहेको र संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएगरेको काम कारवाही प्रशंसायोग्य रहेको बताउनु भयो ।

मुलुकको अर्थतन्त्रमा नीजी क्षेत्रको योगदान महत्वपुर्ण रहेकोले निजीक्षेत्र मैत्री वातावरण निर्माणमा अध्यक्षज्यूले नेतृत्व गर्नुपर्ने विचार राख्नुभयो ।

मानसम्मान आदर गौरव गर्न योग्यलाई मान सम्मान आदर र गौरव गर्नु पनि उत्तम कार्य हो भन्ने शाक्यमुनि भगवान गौतम बुद्धको सन्देश सहित आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

१३. **श्री युगल बसेल**

बैंकको २०औं वार्षिक प्रतिवेदन र वित्तीय वासलातको विवरण उत्कृष्ट र जानकारी मुलक छ । बैंकको वित्तीय परिसुचकहरु हेर्दा निरन्तर प्रगति भइरहेको पाइन्छ ।

NPA को अंश उल्लेखनीय रहेको स्थितिमा समेत १० प्रतिशत लाभांश प्राप्त हुनु भनेको साँच्चै खुशिको बिषय भएको विचार व्यक्त गर्नु भयो ।

निक्षेपको ब्याज मुद्रास्फीति दरभन्दा तल झरेकोमा चिन्ता व्यक्त गर्दै उनीहरुको पक्षबाट कसैले नसोचेको बताउनु भयो । मुनाफा आर्जन गर्न नसकेका शाखाहरु बन्द गर्नुपर्ने सुझाव दिनुभयो ।

बैंकले कर्मचारीहरुलाई प्रदान गरेको तालिमको खुलेर प्रशंसा गर्नुभयो । बैंकले ऋणपत्रमा गरेको लगानी घाटामा जानुको कारण के हो, भन्ने प्रश्न गर्नुभयो । बैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो ।

१४. **श्री रोजकुमार श्रेष्ठ**

मुलुककै ठुलो र उत्कृष्ठ बैंकको शेयरधनी हुन पाएकोमा गौरव महशुस भएको बताउनु भयो । आजको अवस्थामा १० प्रतिशत लाभांश उत्कृष्ठ रहेको । बैंकको व्यवसायिक स्थिति बिश्लेषण गर्दा आउँदो केही वर्ष बोनश शेयरभन्दा नगद लाभांशमा जोड दिनुपर्ने विचार ब्यक्त गर्नु भयो ।

महत्वपुर्ण वित्तीय परिसूचकाङ्को आधारमा मुलुकको एक नम्बर बैक दावी लिइरहँदा शेयरधनीहरुको लाभांश पनि तदअनुरुप नै हुनुपर्ने सत्यलाई नबिर्सन आग्रह गर्नु भयो ।

NPA को अंश बढेकोमा चिन्ता ब्यक्त गर्नुभयो र सो वाहेकका अन्य परिसूचकहरु उत्कृष्ठ रहेको धारणा राख्नु भयो ।

आन्तरिक लेखापरीक्षण र बाह्य लेखा परीक्षणमा ठुलो भिन्नता रहेकोले आन्तरिक लेखा परिक्षण विभागले थप मेहनत गर्न पर्ने देखिएको बताउनु भयो ।

गत भदौ १० गतेको रसुवा बाढीका कारण बैंकलाई भएको भौतिक र मानवीय क्षति एवम् कर्जा लगानीको बिषयमा जिज्ञासा राख्नुभयो ।

बैकको निष्कृय कर्जा र गैर वैकिङ सम्पत्ति व्यवस्थापनको लागि सम्पत्ति व्यवस्थापन कम्पनी जरुरत भै सकेको धारणा राख्नु भयो । मुनाफा आर्जन गर्न नसकेका शाखाहरु बन्द गर्न सुझाव दिनुभयो ।

बैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना सहित आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

**१५. श्री ध्रुवराज न्यौपाने**

समग्र देशको परिस्थिति हेर्दा प्रस्तावित १० प्रतिशतको लाभांश स्वागतयोग्य रहेको धारणा राख्दै बोनस शेयर र नगद लाभांश अनुपात राम्रो रहेको विचार ब्यक्त गर्नु भयो ।

बैंक २० वर्षे लक्का जवान भएको छ । बैकको स्प्रेड दर राम्रो रहेको छ । कर्पोरेट भवनको छविचित्र अत्यन्तै सुन्दर रहेको छ । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नीति नै बनाएर भएको खर्च प्रशंसनीय रहेको छ ।

आधुनिक बैंकिङ डिजिटलमैत्री हुँदै गएको परिप्रेक्ष्यमा दुर दराजहरुमा धेरै शाखा सञ्जाल राखेर संचालन लागत बढाउनुको औचित्य नहुने बताउनु भयो ।

निष्कृय कर्जा प्रतिशतमा भन्दा अंकमा बढी देखिएकाले सोको व्यवस्थापनमा गम्भिर हुनुपर्ने बताउनु भयो । अन्त्यमा बैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना ब्यक्त गर्नु भयो ।

**१६. श्री विरोचन श्रेष्ठ**

अध्यक्षज्यू सहित उपस्थित सम्पूर्णलाई अभिवादन ।

अघिल्लो वार्षिक साधारण सभामा बैंकको वार्षिक साधारण सभा प्रथम त्रैमासभित्र बोलाउन शेयरधनीले दिएको सुझाव कार्यान्वयन भएकोमा सम्बन्धित सबैलाई धन्यवाद । अघिल्लो वर्षको साधारण सभामा शेयरधनीहरुले दिएका सुझाव कार्यान्वयनमा भएको प्रगतिको बारेमा अध्यक्षज्यूले शुरुमा नै जानकारी गराएर प्रशंसनीय सुरुवात गर्नु भएको धारणा राख्नुभयो र राम्रो कुरा जो कसैले अनुसरण गर्नुपर्ने सुझाव दिनुभयो ।

बैंकको साधारण सभा केवल कानूनी बाध्यताको बिषय नभएर संचालक समिति, बैक व्यवस्थापन र शेयरधनी लगायत सम्पुर्ण सरोकारवालाहरुको रहर र उमंगको बिषय हुनुपर्ने बताउनु भयो ।

शेयरधनीहरुप्रति जवाफदेही हुनुपर्ने निरन्तरको मागलाई अध्यक्षज्यूले सम्बोधन गर्नु भएको भन्दै त्यसको लागि अध्यक्ष महोदयलाई धन्यवाद सहित आगामी वर्षहरुमा पनि यसको निरन्तरता हुने विश्वास व्यक्त गर्नु भयो ।

शेयरधनीहरुले सुझावको लागि वार्षिक साधारण सभा नै कुर्नुपर्ने बाध्यता नहुने भएकाले जुनसुकै समयमा पनि बैंकको उन्नती र प्रगतिकालागि सुझाव दिन सकिने धारणा राख्नु भयो ।

बैंक परोपकारी संस्था नभएको र यसको स्थापना नै मुनाफा आर्जन गर्ने उद्देश्यले भएकोले युक्तिसंगत मुनाफा (Rational Profit) शेयरधनीको अधिकार भएको विचार राख्नुभयो ।

वार्षिक प्रतिवेदनमा उल्लेखित अंकहरुमा एकरुपता कायम गर्न र नेपाली अङ्क अक्षर राख्न सुझाव दिनुभयो ।

समयको पालना जो कसैको लागि अनिवार्य हुने भन्दै बैंकिङ्ग कारोवार समयमा एक मिनेट पनि तलमाथि हुन नहुने बताउनु भयो ।

कर्मचारीहरु निष्कृय कर्जा असुलीमा केन्द्रित हुनुपर्ने र बैकले खरिद गरेको विभिन्न कम्पनीको शेयर उचित समयमा बिक्री गरी मुनाफा आर्जन गर्न सुझाव दिनु भयो ।

**अम्लेट खान अण्डा फोर्नै पर्छ** भन्दै उहाँले प्रचलित कानून र नियामक निर्देशनको अधीनमा रही लगानी योग्य संस्थाहरुको शेयर, डिभेन्चर, बण्ड लगायतको उपकरणहरुमा लगानी गरी बैंकको मुनाफा वृद्धि गर्न सुझाव दिनुभयो ।

अन्त्यमा बैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगति एवम् बडादशैं २०८३ को शुभकामना ब्यक्त गर्नुभयो ।

## १७. श्री उत्सव श्रेष्ठ

अघिल्लो वर्षको तुलनामा यस वर्ष बैंकले निकै नै राम्रो गर्न सफल भएको धारणा राख्दै खुशी प्रकट गर्नुभयो ।

वार्षिक साधारण सभाको अघिल्लो वर्ष अध्यक्षज्यूले दोहोरो अंकको लाभांश दिने प्रतिवद्धता गरेकोमा सो पुरा भएको तर नगद लाभांश र बोनस शेयरको अनुपात थोरै नमिलेको राय राख्नु भयो ।

शेयरधनीहरुको वितरण गर्न बाँकी लाभांश रकम उल्लेख्य बढेकोले यथासम्मभव चाँडो वितरणको व्यवस्था मिलाउन अनुरोध गर्नुभयो । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भए गरेका कामकारवाही प्रशंसनीय रहेको बताउनु भयो र दृष्टिविहिनहरुको क्षेत्रमा काम गर्ने संघसंस्थाहरु लाई सहयोग गर्न अनुरोध गर्नुभयो ।

बैंकबाट लगानी गरेको सूचिकृत कम्पनीहरुको शेयर समयमा नै बिक्री गरी मुनाफा आर्जन गर्न र नेपाल स्टक एक्सचेन्जको दोस्रो बजार शेयरको मूल्य घटेको बेला खरिद गर्न सुझाव दिनु भयो ।

अनावश्यक खर्च कटौतीमा समेत ध्यान पुऱ्याउन अनुरोध गर्दै सम्पुर्ण शेयरधनीहरुको मुहारमा कान्ति छाओस् भन्दै बडा दशै २०८३ शुभकामना सहित भनाइ अन्त्य गर्नुभयो । धन्यवाद ।

**१८. श्री टंक प्रसाद ढकाल**

अध्यक्षज्यू सहित उपस्थित सबैमा सादर प्रणाम । २०औं वार्षिक साधारण सभा सफलताको शुभकामना । बैंकले निरन्तर रुपमा राम्रो गर्दै गईरहेको छ । व्यवसायको आकार, शाखा सञ्जाल, नेटवर्क, पूँजी संरचना सम्पुर्ण उत्कृष्ठ रहेको छ । निष्कृय कर्जा समेत ढिलो चाँडो असुली हुने निश्चितप्राय छ ।

**"क"** वर्गका अन्य वाणिज्य बैंकहरुसंग तुलना गर्दा यस बैंकले शेयरधनीहरुलाई वितरण गर्न प्रस्तावित १० प्रतिशतको लाभांश उच्च नै रहेको तर नेपाल स्टक एक्सचेन्ज लि.को दोस्रो बजारमा शेयरको मूल्य अवमूल्यन भइरहेको उदाहरण सहितको तथ्य पस्कनु भयो र यसको मुल कारण बैंकको अत्याधिक पूँजीकरण (Over Capitalization) रहेको तर्क पेश गर्नुभयो ।

बोनस शेयर भारी पर्दै गएको भन्दै यही अनुपातमा बोनस शेयर जारी गर्दै जाने हो भने बैंकको शेयर थप अवमूल्यन हुने खतरा औंल्याउँदै अबको केही वर्ष नगद लाभांशलाई नै प्राथमिकतामा राख्न सुझाव दिनुभयो ।

व्यवसायिक मूल्य मान्यताको साथै पुर्ण संस्थागत सुशासनमा रही मुलुकको ठुलो, रहरलाग्दो र भरलाग्दो बैक निर्माण आजको आवश्यकता हो भन्दै बैंकको पाइला त्यसतिर नै केन्द्रित भएको आफुले बिश्वास गरेको र त्यस्तो बैकको शेयरधनी हुन पाउनु गौरवको कुरा भएको विचार सभामा राख्नु भयो ।

ऋणपत्र (Deventure) र मर्जर वा प्राप्ति (Merger/Acquisition) लाई बैंकको राहु र केतु भन्ने संज्ञा दिंदै आगामी केहि वर्षसम्म यी दुवैलाई प्राथमिकतामा नराख्न अनुरोध गर्नुभयो ।

बैंकले यो तहको उचाइ लिनुको पहिलो हकदार अध्यक्षज्यू रहनु भएको भन्दै त्यसका लागि संचालक समिति, प्रमुख कार्यकारी अधिकृत, उच्च व्यवस्थापन, कर्मचारी लगायत सम्बद्ध सबैंलाई धन्यवादको पात्र रहेको धारणा राख्नुभयो । बैंकको दीर्घकालिन व्यवसायिक भविष्य राम्रो रहेको धारणा राख्दै २०८३ सालको बडा दशैं लगायतका चाडपर्वहरुको शुभकामना सहित मन्तव्य अन्त्य गर्नुभयो । धन्यवाद ।

१९. **श्री निरुपमा गुप्ता**

१०.०० लाभांश आजको अबस्थामा उत्साहजनक छ । सर्व साधारण शेयरधनीको लागि बोनस शेयर महत्वपुर्ण हुने धारणा राख्नु भयो ।

बैक तथा वित्तीय संस्थाहरु राज्यको सम्पत्ति हो । बैकिङ र अन्य व्यवसाय लाई एकै रुपमा लिन नहुने बिचार व्यक्त गर्नु भयो र नेपाल राष्ट्र बैंकको प्रत्यक्ष नियमनमा संचालित बैकिङ व्यवसाय पारदर्शी रहेको बताउनु भयो ।

आधुनिक बैंकिङ डिजिटलमा आधारित हुनुपर्ने भन्दै सोका लागि दीर्घकालिन रणनीति नै बनाएर अगाडि बढ्न अनुरोध गर्नु भयो । निष्कृय कर्जा घटाउन र खर्चमा मितव्ययिता गर्न सुझाव दिनु भयो ।

लगानीमा प्रतिफल (ROE) वृद्धि गरी अबका वर्षहरुमा शेयरधनीहरुलाई दोहोरा अंकको प्रतिफल सुनिश्चित गर्नुपर्ने धारणा सहित बैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना सहित आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

२०. **श्री संजय अधिकारी**

अध्यक्षज्यू, संचालक समिति, प्रमुख कार्यकारी अधिकृत सहित बैंकका उच्च पदस्थ अधिकारी सम्पूर्णलाई अभिवादन ।

आजको नेपालको कर्पोरेट र बैंकिगमा अध्यक्षज्यूको जुन उचाइ छ साँच्चै गर्व गर्न लायक छ, प्रमुख कार्यकारी अधिकृत समेत लामो अनुभवी हुनुहुन्छ भन्ने तथ्य उजागर गर्दै यस्तो अनुकुल अबस्थामा पनि अन्य बैकहरुको तुलनामा यस बैंकको शेयर किन अवमुल्यन भै रहेको छ ? त्यसमा पनि जोखिम मोलेर बैंक स्थापना गर्ने संस्थापक शेयरधनीहरु थप पीडित हुनुपर्ने अबस्था किन, भन्ने प्रतिप्रश्न गर्नुभयो ।

संस्थापक शेयर बिक्री गर्न खोज्दा खरिदकर्ता समेत भेटिने अवस्था नभएको, सर्वसाधारण शेयरको तुलनामा आधा मुल्य पनि नआउने, बिक्री प्रकृया लामो र अनावश्यक भन्झटिलो रहेकोमा गुनासो गर्नु भयो ।

बडा दशै २०८३ को शुभकामना सहित भनाई अन्त गर्नु भयो । धन्यवाद ।

२१. **श्री जीवनलाल ब्रजाचार्य**

सभामा बोल्दा शेयरधनीहरुलाई समयको पावन्दी नलगाउने तर शेयरधनीहरुले पनि आ.व. २०८२/८३ को प्रतिवेदन भन्दा बाहिर गएर बोल्न नहुने र यस्तो स्थितिमा अध्यक्षज्यूले तुरुन्तै रुलिङ गर्नुपर्ने सुझाव दिनु भयो ।

वार्षिक साधारण सभामा शेयरधनीले बोलेका कुराहरु धैर्यतापूर्वक सुन्न सबैलाई अनुरोध गर्नुभयो । निर्वाचन प्रयोजनको लागि शेयरधनीको मताधिकार धेरथोर हुनसक्ने तर व्यक्तिको रुपमा सम्पुर्ण शेयरधनी बराबर हुने बताउनु भयो ।

१५ प्रतिशतको इपिएस हुँदापनि १० प्रतिशत लाभांश दिएकोमा सम्बन्धित सम्पुर्णलाई धन्यवाद । वार्षिक साधारण सभा पहिलो त्रयमासभित्रै गर्न सफल भएकोमा सम्बन्धित सबैमा धन्यवाद ।

कुनैपनि बिषयलाई सतहमा टिप्पणी गर्न नहुने भन्दै बैंक जोखिम मुक्त नभएको धारणा राख्नु भयो । बैंकको ब्याज आम्दानी घटिरहेको र निष्कृय कर्जाको अंश बढिरहेको भन्दै अध्यक्षज्यूको प्रतिवेदनमा कर्जा असुली योजना समेत राखिएको भए अझै उत्कृष्ठ हुने थियो भन्ने राय राख्नुभयो र शेयरधनीहरुलाई बैंकको वार्षिक प्रतिवेदन गहिरिएर अध्ययन गर्न सुझाव दिनुभयो ।

भीमकाय आकारको बैंकको पूँजी तथा रिजर्भ क्यापिटलको अधिकतम् उपयोग हुन नसकेको गुनासो गर्नु भयो र कर्जाको गुणस्तरमा कुनैपनि सम्झौता नगर्न सुझाव दिनु भयो ।

धेरथोर गुनासो कहिल्यै नटुंगिने भन्दै वार्षिक प्रतिवेदनमा उल्लेखित उच्च तहका कर्मचारीहरुको विभागिय जिम्मेवारी समेत खुलाउन र बैंकमा रिसर्च एण्ड डेभलपमेण्ट विभाग अनिवार्य रुपमा स्थापना गर्न सुझाव दिनुभयो ।

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका काम कारवाही बैंक भित्रैपनि हुनसक्ने भन्दै शेयरधनीहरुको पिर मर्का बुझिदिन आग्रह गर्नु भयो ।

अन्त्यमा बैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना सहित आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

**लिखित सुझाव दिनुहुने शेयरधनीहरु :**

२२. **श्री लक्ष्मणबहादुर श्रेष्ठ**

विषम परिस्थितिमा शेयरधनीहरुलाई १० प्रतिशत लाभांश स्वागतयोग्य छ । २० औं वार्षिक साधारण सभा समयमा नै गरेकोमा अध्यक्षज्यू, संचालक समिति र बैंक व्यवस्थापनलाई धन्यवाद ।

गत भदौ १० गतेको भोटेकोसीबाढीबाट असर के-कति पर्न गयो जानकारी गराउन अनुरोध गर्दछु ।

आगामी वर्षहरुमा कम्तिमा दुई अंकको प्रतिफल नघट्ने अपेक्षा सहित संचालन खर्च घटाउन र मितव्ययिता अपनाउन, निष्कृय कर्जाको अंश कम गर्दै लैजान सुझाव दिनु भयो ।

बैंक निरन्तर प्रगतिपथमा रहेको छ, नेतृत्वकर्ता अध्यक्षज्यू, संचालक समिति, प्रमुख कार्यकारी अधिकृत, उच्च व्यवस्थापन लगायत सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद । साधारण सभामा पेश हुने सम्पुर्ण एजेण्डाहरुमा समर्थन सहित वार्षिक साधारण सभाको सफलताको शुभकामना ।

२३. **श्री भेषराज भण्डारी**

२० औं वार्षिक साधारण सभाका अध्यक्षज्यू लगायत हलमा उपस्थित सम्पूर्णलाई मेरो तर्फबाट अभिवादन । ४% बोनस शेयर तथा ६% नगद लाभांशको लागि संचालक समिति तथा व्यवस्थापनप्रति आभार प्रकट गर्दछु ।

७७ वटा जिल्लामा शाखा सञ्जाल विस्तार गरी आधुनिक र प्रविधियुक्त सेवा प्रदान गर्दै आइरहेको यस बैंकको भविष्य उज्जवल रहेको छ । बैंकिङ प्रणालीमा पर्याप्त तरलता र ऐतिहासिक रुपमा न्यून ब्याजदर भए पनि कर्जाको माग बढ्न सकेको छैन ।

निष्क्रिय कर्जा घटाई कर्जा असुली र जोखिम व्यवस्थापनमा दबाब रहेको बताउनु भयो । बैंकको वित्तीय विवरणमा २ वर्षको सट्टा ५ वर्षको तुलनात्मक अध्ययन राख्नु सुझाव दिनु भयो । समीक्षा वर्षमा ब्याज आम्दानी घटे पनि आगामी वर्षमा कर्जाको लगानी विस्तार गर्न र पूर्ण डिजिटाइज्ड बैंकिङ प्रणाली अवलम्वन गर्ने तर्फ ध्यानाकर्षण गराउनु भयो ।

बडा दसैं तथा दीपावली २०८३ को शुभकामना ।

२४. **डा. श्री रामजीप्रसाद पण्डित**

सभामा लिखित मन्तव्य राख्न पाएकोमा धन्यवाद । आ.व. २०८२/८३ मा बैंकले शेयरधनीहरुलाई वितरणको लागि प्रस्ताव गरेको ४% बोनस शेयर र ६% नगद लाभांश स्वायतयोग्य रहेको छ ।

नियामक निर्देशन बमोजिम बैंकको पुँजी बढाउन बाध्य नभएसम्म शेयरधनीहरुको प्रतिफल नगद लाभांशमा जोड दिनुपर्छ । आगामी वर्षहरूमा पनि यस्तै वा योभन्दा बढी लाभांशको अपेक्षा गर्दछु ।

Fraction share बिक्री नहुने भएकाले शेयरधनीहरुको नगद लाभांशबाटै कट्टी वा समायोजन गरी Fraction share लाई पुर्णाङ्कित शेयर (Whole share) मा परिवर्तन गर्न सम्भव हुन्छ कि हुँदैन ? भन्ने लिखित प्रश्न रहेको छ ।

नयाँ शाखा खोल्न हतार गर्नु हुँदैन र घाटामा भएका पुराना शाखा बन्द गर्नुपर्छ । इम्पेयरमेन्ट चार्ज घटाउन र नाफा बढाउन ऋण नतिर्ने डिफल्टरहरूको नाममा रहेको बैंकको सम्पत्ति बिक्री गर्न सुझाव दिन चाहन्छु ।

उहाँले आफु म्याथ म्याटिक्सको प्रोफेसर भएको हुँदा बैंकिङ बुझन नसकेको भन्दै कतिपय संस्था खासगरी पछिल्लो मर्जर फलदायी नभएको विचार राख्नुभयो ।

बैंकिङ, इन्स्योरेन्स, माइक्रोफाइनान्स, जलविद्युत कम्पनी लगायत नेपालका जतिपनि कर्पोरट सेक्टर छन् ती सबैका साधारण सभाहरुमा एउटै मान्छे शेयरधनीको हैसियतमा उपस्थित भई धारणा राख्ने गरेको खुला सत्य रहेको भन्दै एउटा मान्छे कुनै एउटा बिषयको ज्ञाता नहुने भन्दै साधारण सभामा प्रस्तुत हुने सबै एजेन्डामा आफ्नो पूर्ण समर्थन रहेकोले सभाको सफलताको कामना राख्नु भयो ।

बैंकलाई यो उचाइ सम्म पुऱ्याउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने सञ्चालक समिति, व्यवस्थापन सहित सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद ।

## २५. श्री नरेश कुमार शाह

२० औं वार्षिक साधारण सभा समयमा नै गरेकोमा अध्यक्षज्यू, संचालक समिति र बैक व्यवस्थापनलाई धन्यवाद । शेयरधनीहरुको १० प्रतिशत नगद लाभांश स्वागतयोग्य रहेको छ ।

आगामी वर्षहरुमा पनि आकर्षक र सन्तुलित लाभांश प्राप्त हुनेछ भन्ने अपेक्षा सहित संचालन खर्च घटाउन र मितव्ययिता अपनाउन, निष्कृय कर्जाको अंश कम गर्दै लैजान सुझाव दिनु भयो ।

प्रविधिमैत्री सेवालाई सुरक्षित र ग्राहकमुखी बनाउँदै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिमा लाग्न सुझाव सहित साधारण सभामा पेश हुने सम्पुर्ण एजेण्डाहरुमा समर्थन सहित वार्षिक साधारण सभाको सफलताको शुभकामना ।

## २६. श्री नरसिँहलाल चंखु

बैंकको २० औं वार्षिक प्रतिवेदन र वित्तिय वासलातको विवरण उत्कृष्ट र जानकारी मूलक र वित्तीय परिसुचकहरु निरन्तर प्रगतिउन्मूख रहेको छ ।

शेयरधनीहरुको लागि प्रस्तावित १० प्रतिशत लाभाँश सन्तोषजनक र सन्तुलित रहेको छ, सोको लागि अध्यक्षज्यू, संचालक समिति, उच्च व्यवस्थापन र अन्य सम्पुर्ण कर्मचारीहरु धन्यवादको पात्र हुनुहुन्छ ।

बङ्कैकि सुरक्षित, भरपर्दो र लगातार प्रतिफल दिने क्षेत्र भएकाले लगानीको लागि एकदम उत्तम क्षेत्र साबित भएको छ । व्यवसाय विस्तार र वितरण योग्य मुनाफामा यस बैंक अरुभन्दा अझ उत्कृष्ठ ठहरिएको छ ।

NPA व्यवस्थापन र कर्जाको गुणस्तरमा ध्यान दिन अनुरोध गर्नु भयो र आगामी वर्षमा दुई अंकको प्रतिफल नघट्ने अपेक्षा सहित बैंकको व्यावसायिक भविष्यको उत्तरोत्तर प्रगतिको शुभकामना ।

साधारण सभामा पेश हुने सम्पुर्ण एजेण्डाहरुमा समर्थन सहित वार्षिक साधारण सभाको सफलताको शुभकामना । धन्यवाद ।

२७. **श्री दिवाकर खड्का**

२० औं वार्षिक साधारण सभामा लिखित रुपमा सुझाव तथा गुनासो राख्ने मौका दिएकोमा बैंक प्रति आभार व्यक्त गर्दछु ।

इतिहासको कठिन अवस्थामा पनि बैंकले दोहोरो अंकको प्रतिफल दिएकोमा धेरै धेरै धन्यवाद ।

३८ अर्ब भन्दाबढी चुक्ता पूँजी भएको बैकले करिव आर्थिक वर्ष समाप्त भएको ४५ दिनभित्रै लेखापरीक्षण सम्पन्न गरी पहिलो त्रैमास भित्रै साधारण सभा गर्नुलाई उपलब्धि मान्नु पर्नेहुन्छ भन्दै निस्कृिय कर्जा ५% को हाराहारीमा पुग्न लागेकोले यसको व्यवस्थापन पहिलो प्राथमिकता हुनुपर्ने सुझाव दिनुभयो ।

समग्रमा बैंकका महत्वपूर्ण वित्तीय परिसुचकहरु सन्तोषजनक रहेको धारणा राख्नुभयो । । २० औं वार्षिक साधारण सभाको सफलताको कामना सहित धन्यवाद ।

२८. **श्री सुरेन्द्र चिमौरिया**

२० औं वार्षिक साधारण सभाको यस गरिमामय अवसरमा उपस्थित भई लिखित मन्तब्य राख्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

बैंकले उल्लेखनीय उपलब्धि हासिल गरेको छ र सोका लागि अध्यक्षज्यू, सञ्चालक समिति, बैंक व्यवस्थापन, कर्मचारी परिवार तथा सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

आगामी दिनमा पनि अझ बढी विश्वास, उत्कृष्ट सेवा र जिम्मेवार बैंकिङलाई निरन्तरता प्रदान गरोस् र नेपालको वित्तीय क्षेत्रको बिकासमा अझ महत्वपूर्ण योगदान पर्‍याओस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

४% बोनस शेयर र ६% नगद लाभांशको लागि धन्यवाद सहित बार्षिक साधारण सभामा प्रस्तावित सम्पुर्ण एजेण्डाहरुमा समर्थन जनाउँदछु ।

२९. **श्री गोविन्द के.सी.**

सबैको लागि बैक भन्ने नाराको साथ सफल उद्योगी तथा नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष श्री चन्द्रप्रसाद ढकालज्यूको नेतृत्वमा छोटो समयमा नै एकपछि अर्को फड्को मार्दै गएको विचार व्यक्त गर्नु भयो ।

अधिकांश वित्तीय परिसूचकहरुमा मुलुकको एक नम्बर बैंकको रुपमा उभ्याउन सफल भएकोमा अध्यक्षज्यू, सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत लगायत उहाँको समुह सम्पूर्णलाई धन्यवाद दिनु भयो ।

बैंकिङ्ग दीर्घकालिन व्यवसाय भएकोले सोही बमोजिमको रणनीति अबलम्बन गर्नुपर्ने विचार राख्नुभयो ।

कर्जाको गुणस्तरमा ध्यान पुऱ्याउन, NPA घटाउन, खर्च नियन्त्रण गर्न र आगामी वर्षहरुमा कम्तिमा दुई अंकको लाभाँशको सुनिश्चितता गर्न सुझाव दिनु भयो ।

बैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना सहित आफ्नो मन्तव्य अन्त गर्नु भयो ।

३०. **श्री डमरु बल्लभ घिमिरे**

शुभकामना मन्तव्यको लागि जेष्ठ शेयरधनीलाई पहिलो प्राथमिकता दिनु पर्नेमा सो हुन नसकेकोले लिखित सुझाव दिएको छु ।

अध्यक्षज्यू सहितको सिंगो संचालक समिति आ-आफ्नो क्षेत्रका सफल व्यक्तित्व भएको र प्रमुख कार्यकारी अधिकृत समेत योग्य र अनुभवी व्यक्तित्व हुनुको परिणाम क्रमश: प्रदर्शित हुँदै गएको छ । बैंकको व्यवसायिक भविष्य उज्वल रहेको छ ।

कतिपय वाणिज्य बैकहरु अझैपनि शून्य लाभांशको स्थितिमा रहेको अवस्थामा यस बैकले शेयरधनीहरुलाई प्रदान गरेको १० प्रतिशत लाभांश स्वागतयोग्य रहेको धारणा राख्दै सोका लागि सम्पुर्णलाई धन्यवाद ब्यक्त गर्नुभयो ।

सम्पत्तिको गुणस्तर, विदेशी मुद्रा आम्दानी, एलसी कमिशन उत्कृष्ठ रहेको, रिजर्भ तथा रिर्टन अर्निङमा उल्लेख्य रकम रहेको छ ।

२० औं वार्षिक साधारण सभाको भव्य र सभ्य सफलताको शुभकामना ।

३१. **श्री लभराज जोशी**

निरन्तरको मेहनत, कर्म र भाग्यको साथ प्राप्त सफलतम् उद्योगी अध्यक्षज्यू तथा मेहनत, योग्यता र अनुभव सबै भएका प्रमुख कार्यकारी अधिकृत सहितको प्रेरणादायी नेतृत्व बैंकले प्राप्त गरेको छ ।

अधिकांश वित्तीय परिसुचकहरुमा उल्लेखनीय प्रगति भएको छ । धेरै बैंक तथा वित्तीय संस्थाहरुको मर्जर तथा प्राप्तिको व्यवस्थापनको काम सकिदै गएकाले अब आउँदो वर्षहरु शेयरधनीहरुको लागि अझै सकारात्मक र उत्साहप्रद हुने छ ।

सभामा बोल्ने वक्तामा जेष्ठ नागरिकलाई प्राथमिकता दिन सुझाव सहित आफुपनि बिहानदेखि नै सभामा उपस्थित भई उत्सुकतापुर्वक बसेको तर १.०० बजिसक्दा पनि पालो नआएकाले बाध्य भई लिखित रुपमा सुझाव दिनुपरेको दुखेसो राख्नुभयो । सम्पुर्ण एजेण्डाहरुमा साथ र सहयोग रहेको भन्दै २०औं वार्षिक साधारण सभा उल्लासमय रुपमा सम्पन्नहोस् शुभकामना । योग गरौ, स्वस्थ्य रहौं । **जय ग्लोबल आइएमई बैंक** । धन्यवाद ।

१२. **सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :**

बैंकको २० औं वार्षिक साधारण सभामा उपस्थित भई व्यवसायिक हितको लागि शेयरधनी महानुभावहरुबाट प्राप्त सुझावको लागि धन्यवाद ज्ञापन गर्नु भयो ।

शेयरधनीहरुबाट प्राप्त प्रश्न वा जिज्ञासाको जवाफ संक्षिप्तमा राख्दै उहाँले सभामा जिज्ञासा वा प्रश्न गर्ने शेयरधनी मध्ये अधिकाँश शेयरधनी बाहिरिई सक्नु भएको अवस्थाप्रति इँगित गर्दै प्रश्न गर्नेसंग जवाफ सुन्ने धैर्यता हुनुपर्ने बताउनु भयो । आगामी वर्ष देखि प्रश्न राख्ने शेयरधनीमहानुभावहरु लगायत सम्पूर्ण शेयरधनीहरु जवाफ सुन्ने समय सम्म बसीदिन अनुरोध गर्दछु ।

शेयरधनीको लगानीको प्रतिफल नगद कि बोनस शेयर भन्ने बिषयमा शेयरधनीबीच नै फरक फरक धारणा रहेकाले बैंकको पूँजीगत आवश्यकता र शेयरधनी सम्पूर्णको हितलाई प्राथमिकतामा राखी सन्तुलित रुपमा लाभांश वितरण गर्दै लगिने बताउनु भयो ।

अघिल्लो वर्षको साधारण सभामा बोल्ने शेयरधनीहरुले आगामी वर्ष कम्तिमा दोहोरो अंकको लाभांश माग गर्नुभए बमोजिम नै शेयरधनीहरुलाई दोहोरो अंकको लाभांश वितरणको लागि प्रस्ताव गरिएको बताउनु भयो । २०औं वार्षिक साधारण सभा प्रथम त्रैमासभित्रै बोलाईएको स्मरण गराउँदै शेयरधनीहरुबाट प्राप्त रचनात्मक सुझाव लाई उच्च प्राथमिकतामा राख्ने गरेको बताउनु भयो ।

नेपाल स्टक एक्सचेञ्ज लि.को दोस्रो बजारमा हुने शेयर कारोवारमा बैंकको शेयर मुल्य अपेक्षाकृत बढ्न नसकेको भन्ने शेयरधनीबाट प्राप्त गुनासो उचित र जायज रहेको भन्दै उहाँले शेयरको मुल्य निर्धारणमा माग र आपुर्तिको सम्बन्ध रहने र कतिपय अवस्थामा प्राविधिक कुराहरु समेत प्रधान हुने गरेको बताउनु भयो ।

बैंकले प्रत्येक वर्ष लगातार रुपमा शेयरधनीहरुलाई लाभांश प्रदान गर्दै आएको, पूँजीको आकार, निक्षेप संकलन, कर्जा लगानी, रिजर्भ कोष जस्ता महत्वपुर्ण वित्तीय परिसूचकहरु मजबुत बन्दै गएकोले सानोतिनो धक्काले बैंक हल्लिन नसक्ने अबस्थामा पुगेको बताउनु भयो ।

Digital Banking मा बैंकले निरन्तर फड्को मारिरहेको भन्दै बैंक सबैको साफा भएको र विधायकी कानूनले नै निक्षेपकर्ताको हित संरक्षणलाई पहिलो दायित्वमा राखेको स्मरण गराउनु यो ।

मुलुकको कानून र नियामकीय निर्देशनमा संचालित हुने बैंकमा संस्थागत सुशासन पहिलो र अनिवार्य शर्त हुने र सोप्रति बैंक प्रतिवद्ध रहेको सभालाई जानकारी गराउनु भयो ।

नेपाल राष्ट्र बैक लगायत अन्य नियमनकारी निकायको प्रत्यक्ष नियमन, प्रचलित कानून एवं नेपाल राष्ट्र बैकबाट जारी निर्देशनको अक्षरशः पालनाको साथै, आन्तरिक तथा बाह्य लेखापरीक्षण हुने बैंक तथा वित्तीय संस्थाको कारोवार अन्यको तुलनामा पारदर्शी रहेको समेत बताउनु भयो ।

नेपाल राष्ट्र बैंक मार्फत Howladar Yunus & Co., Chartered Accountants, Bangladesh बाट भएको लेखापरीक्षण प्रतिवेदन साँगोपाँगो अध्ययन गर्दा मुलुकका अन्य बैंकहरुको तुलनामा यस बैंकको अबस्था राम्रो रहेको बताउनु भयो ।

कर्जाको गुणस्तर कायम गर्दै निष्कृय कर्जा कम गर्दै लैजान र अनावश्यक खर्च कम गर्न शेयरधनीहरुबाट प्राप्त सुफाव प्रशंसनीय रहेको भन्दै सो अनूरुप काम गर्न व्यवस्थापनलाई निर्देशन दिनु भयो ।

२१ वटा बैंक तथा वित्तीय संस्था मर्जर तथा प्राप्तिको सफल उदाहरण बनेको यस बैंकमा सोको सकारात्मक प्रभाव (Synergy effects) आगामी वर्षहरुमा प्राप्त हुने भन्दै निःसन्देह रुपमा यसका शेयरधनीहरु लाभान्वित हुने बताउनु भयो र बैंकले अफै राम्रो गर्दै जाने विश्वास ब्यक्त गर्नु भयो ।

**१३. सभाको निर्णय :**

**(क) सामान्य प्रस्तावहरु :**

**(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदन पारित गर्ने :**

संचालक समितिको तर्फवाट अध्यक्षज्यूले २० औं वार्षिक साधारण सभामा प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदन छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिवाट पारित गरियो । साथै बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न शीर्षकमा विभिन्न ब्यक्ति तथा संघ संस्थालाई आ.व. २०८२/८३ मा प्रदान गरेको आर्थिक सहायत/चन्दा समेत जम्मा रु.३,७८,४२,१३६/- (तीन करोड अठहत्तर लाख बयालिस हजार एक सय छत्तीस) सभाले स्वीकृति तथा अनुमोदन गर्‍यो ।

२)	**लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८२/८३ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८२/८३ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण समेत पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गर्‍यो ।

(३)	**बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लि.,ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि. र ग्लोबल आइएमई सेक्यूरिटिज लि. समेतको आ.व. २०८२/८३ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) पारित गर्ने :**

बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लि., ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि. र ग्लोबल आइएमई सेक्यूरिटिज लि समेतको आ.व. २०८२/८३ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गर्‍यो ।

(४)	**संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८२/८३ को मुनाफाबाट बैंकको चुक्ता पुँजीको ६ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ सहित) स्वीकृत गर्ने ।**

बैंकको चुक्ता पूँजी रु.**३८,११,५८,५२,६१५।८६** (अठतीस अर्ब एघार करोड अन्ठाउन्न लाख बाउन्न हजार छ सय पन्ध्र र पैसा छयासी) को ६ प्रतिशत (नगद लाभांश तथ बोनस शेयरमा लाग्ने कर सहित) अर्थात रु.**२,२८,६९,५१,१५६।९६** (दुई अर्ब अठ्ठाईस करोड उनान्सत्तरी लाख एकाउन्न हजार एक सय छपन्न रुपैया र पैसा छयानब्बे) बराबरको नगद लाभांस शेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गऱ्यो ।

(५)	**कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम आ.व. २०८३/८४ को लेखापरीक्षण कार्यको लागि बाह्य लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने :**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८३/८४ को लेखापरीक्षण कार्यको लागि एस.ए.आर. एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस् लाई बैंकको लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक समेत निर्धारण गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव राख्नु भएकोमा सभाले मु.अ.कर वाहेक एकमुष्ठ पारिश्रमिक रु.४८,००,०००।-(अठचालिस चालिस लाख) दिने गरी एस.ए.आर. एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस् लाई बैंकको लेखापरीक्षकमा नियुक्त गर्न सभाले सर्वसम्मतिबाट स्वीकृति प्रदान गऱ्यो ।

(६)	**स्वतन्त्र सञ्चालकको नियुक्ति सम्बन्धी जानकारी :**

बैंकको स्वतन्त्र सञ्चालकमा मिति २०८३/२/२९ गतेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस बैंकको स्वतन्त्र सञ्चालकमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १७ (क) बमोजिमको योग्यता र अनुभव प्राप्त का.जि. कामनपा वडा नं. १४ बस्ने नेपाल

सरकारको पूर्व सचिव श्रीमति बिन्द्रा हाडा भट्टराईलाई नियुक्त गरिएको सभामा जानकारी गराईयो र सभाले निजको नियुक्तीलाई सर्वसम्मतिले स्वीकृति/अनुमोदन गऱ्यो ।

(ख) **विशेष प्रस्ताव :**

१) **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८३ साल आषाढ समान्तसम्म कायम रहेको सञ्चित मुनाफाबाट बैंकको चुक्ता पूँजीको ४ प्रतिशत बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही हदसम्म जारी तथा चुक्ता पूँजी वृद्धि गरी प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने ।**

संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८३ साल आषाढ मसान्त सम्म कायम रहेको सञ्चित मुनाफा समेतबाट बैंकको चुक्ता पूँजी रु. **३८,११,५८,५२,६१५।८६** (अठतीस अर्ब एघार करोड अन्ठाउन्न लाख बाउन्न हजार छ सय पन्ध्र र पैसा छयासी) को ४.०० प्रतिशत अर्थात रु. **१,५२,४६,३४,१०४।६४** (एक अर्ब बाउन्न करोड छयालिस लाख चौंतिस हजार एक सय चार रुपैया र पैसा चौसाठ्ठी) बराबरको बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव स्वीकृत गरियोस भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरियो । साथै उक्त बोनस शेयर जारी गर्दा आउने भिन्न अङ्क *(Fraction)* लाई के कसरी ब्यबस्थापन गर्ने भन्ने विषयमा छलफल गरी सवै शेयरधनीको हितलाई ध्यानमा राखी विगत वर्ष झैं यस वर्ष पनि खण्डीकृत शेयर पूर्णाकृत नभए सम्म सम्बन्धित शेयरधनीकै नाउंमा यथावत राख्ने निर्णय गरियो ।

२० औं वार्षिक साधारण सभा तथा बोनस शेयर प्रयोजनका लागि तोकिएको मिति सम्म शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुलाई उपरोक्तानुसार बोनस शेयर जारी गरी बैंकको जारी तथा चुक्ता पूँजी रु. ३९,६४,०४,८६,७२०।५० (उनान्चालिस अर्ब चौसठ्ठी करोड चार लाख छयासी हजार सात सय बीस रुपैया र पैसा पचास मात्र) कायम गर्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरियो साथै सोही अनुसार बैंकको प्रबन्धपत्र/नियमावली संशोधन गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गर्ने गराउने निर्णय भयो ।

**प्रबन्ध पत्रको दफा ५ (ख) मा देहाय बमोजिम थप तथा संसोधन गर्ने :**

बैंकले तत्काल जारी गर्ने शेयर पूँजी रु. ३९,६४,०४,८६,७२०।५० (उनान्चालिस अर्ब चौसठ्ठी करोड चार लाख छयासी हजार सात सय बीस रुपैया र पैसा पचास मात्र) हुने छ ।

**प्रबन्ध पत्रको दफा ५ (ग) मा देहाय बमोजिम थप तथा संसोधन गर्ने :**

बैंकको तत्काल चुक्ता गर्ने शेयर पूँजी रु. ३९,६४,०४,८६,७२०।५० (उनान्चालिस अर्ब चौसाठ्ठी करोड चार लाख छयासी हजार सात सय बीस रुपैया र पैसा पचास मात्र) हुने छ । जारी पूँजी चुक्ता भएको आधारमा चुक्ता पूँजी वृद्धि हुँदै जाने छ ।

२) **बैंकको प्रबन्धपत्र/नियमावली संशोधनमा नियमनकारी निकायहरुबाट कुनै थपघट वा संशोधन गर्न निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समिति लाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

बैंकको प्रवन्धपत्र/नियमावली संशोधनमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै हेरफेर वा संशोधन गर्न सुझाव वा निर्देशन दिएमा सोही बमोजिम गर्ने गरी संचालक समितिलाई अख्तियारी प्रदान गरियोस् भनी अध्यक्षज्यूले प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट स्वीकृत गऱ्यो ।

**१४. धन्यबाद ज्ञापन तथा सभा बिसर्जनः**

छलफल तथा निर्णयको कम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सकृय रुपले सहभागी हुनुका साथै शेयरधनीहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा २० औं वार्षिक साधारण सभा सफलता पूर्वक संचालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु, शेयर रजिष्ट्रार, लेखापरीक्षक तथा बैंक संचालन कममा सहयोग गर्ने सवै नियमनकारी निकाय, संचारकर्मी समेत सम्बन्धित सबैलाई धन्यबाद ज्ञापन गर्दै सभा बिसर्जन गर्नु भयो ।

बिष्णु प्रसाद बाँस्कोटा
कम्पनी सचिव

चन्द्र प्रसाद ढकाल
अध्यक्ष

मिति : २०८३/०७/०८